Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

**नेपाल महाभूकम्प २०७२ अपडेट : २२औं दिन**
**मिति : ०७२ जेठ २**
**अन्तिम अपडेट : २२:०० बजे**

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
मृतक : ८,५६७
घाइते : १६,८०८

आठौं हजार नेपालीको मृत्यु, लाखौं घरबारविहीन, बीसौं हजार घाइते र झण्डै मुलुकको आधी जनसङ्ख्या अन्यौलपूर्ण अवस्थामा रहेको विपद्पूर्ण अवस्थामा रहेका बेला पनि निजी स्वार्थमा लिप्त चरित्रहरू पनि समाजमा देखिएका छन् भने त्यसको ठीक विपरीत आफ्नो जीउधनको समेत परवाह नगरी अहोरात्र भूकम्प पीडितको सहयोगमा जीवन अर्पण गर्ने पनि नभएका होइनन् । सिन्धुपाल्चोक नवलपुरका सुनबहादुर तामाङले आफ्नो होटलमा बस्दै आएका विद्यार्थीहरूको ज्यान जोगाए । पनौती कुशादेवीका पूर्व गाविस अध्यक्ष भीम न्यौपाने, नेशनल कलेजकी स्वर्णिमा केसीलगायत प्रकाशमा नआएका वा आउन नचाहने थुप्रै व्यक्तित्वहरू छन्, जसले नेपालीपन र मानवीय मर्यादाको दृष्टान्त प्रस्तुत गरेका छन् ।

यसका अतिरिक्त राहत सामग्री बिक्री गर्ने राजनीतिक कार्यकर्ता, सरकारी राहत सामग्री व्यापारीको गोदाममा भेटिएका समाचारहरू पनि सार्वजनिक भइरहेका छन् । हुन त प्रधानमन्त्रीले राहत सामग्रीको अपचलन गर्नेलाई जेल हाल्ने भनेर सार्वजनिक अभिव्यक्ति गरे तापनि कसैलाई पनि कारबाही भइसकेको छैन । आमजनता तिनलाई कारबाही हुन्छ भन्ने कुरामा आश्वस्त हुनसक्ने पूर्व आधारहरू छैनन् । किनभने सरकार आफूले गरेका प्रतिबद्धताप्रति विगतमा इमान्दारीपूर्वक प्रस्तुत हुन सकेन । अन्य राष्ट्रहरू तथा सरकारमार्फत सहयोग गर्न अनिच्छुक रहेको यिनै कारण त होइन, समीक्षा गर्नु आवश्यक भइसकेको छ ।

**उल्लेख्य**

- वैशाख १२, १३ र २९ गतेको भूकम्प तथा पराकम्पनका कारण मकवानपुरका सामुदायिक विद्यालयका भवन १३, प्रहरी चौकी १०, गाविस कार्यालय १२, स्वास्थ्य चौकी १२, र पशुसेवा कार्यालय तीन वटा गरी ५० वटा सरकारी भवनहरू क्षतिग्रस्त भएका छन् ।
- वैशाख १२ गतेको भूकम्पबाट सप्तरीका आठ वटा प्रहरी कार्यालयमा क्षति पुगेको छ । जिल्ला प्रहरी कार्यालयका एसपी शिशिरकुमार कर्माचार्यकाअनुसार चारवटा इलाका प्रहरी कार्यालय, तीनवटा प्रहरी चौकी र एउटा जिल्ला ट्राफिक प्रहरी कार्यालयमा क्षति पुगेको छ ।
- इन्सेकका भक्तपुर प्रतिनिधिले भूकम्प पीडितलाई टुथपेस्ट, ब्रस, साबुनलगायतका सामग्री प्रदान गरेकी छन् । इन्सेक भक्तपुर जिल्ला प्रतिनिधिको सहकार्यमा ६ जनाको समूहले जेठ १ गते भक्तपुर जिल्लाका भूकम्प प्रभावित क्षेत्र ताथली, सौडोल, च्याम्हासिंह तथा ब्रम्हायानीमा ती सामग्री वितरण गरेकी हुन् । यसअघि इन्सेकका कार्यकारी निर्देशक इन्सेक प्रतिनिधिको कार्यालय भक्तपुर गई ती सामग्रीहरू इन्सेक प्रतिनिधि रमिला तण्डुकारलाई हस्तान्तरण गरेका थिए ।
- वैशाख १२ गते र २९ गते गएको विनासकारी भूकम्पका कारण भक्तपुर सौडोलका ४५ घरमा मध्ये ४१ घरमा पूर्णरूपमा क्षति पुगी घरबारविहीन बनेका पीडित परिवारले अझैसम्म पनि राहत नपाएको गुनासो गरेका छन् ।

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

- वैशाख १२ गते गएको विनाशकारी भूकम्पले प्यूठानमा ११ सरकारी र ६ सय ९४ नीजि घरमा क्षति पुऱ्याएको विवरण जिल्ला प्रशासन कार्यालयले जानकारी दिएको छ ।
- उत्तरी गोरखाको बारपाकका स्थानीय भूकम्पले पुऱ्याएको पीडा बिर्सँदै नयाँ घर निर्माणमा जुट्न थालेका छन् । भग्नावशेष घरका काठपात, जस्तापाता निकाल्न बारपाकीहरू व्यस्त छन् । सरकारले दिने राहत कहिले आउने भन्ने ठेगान नहुँदा खुल्ला आकाशमा रात बिताउन बाध्य स्थानीय आफैं संरचना निर्माणमा जुट्न थालेका छन् । १४ सय भन्दा बढी घरधुरी भूकम्पले सखाप भएको बारपाकमा अधिकांश स्थानीय पुराना काठपात निकालेर नयाँ घर बनाउनमा लागिसकेका छन् ।
- भूकम्पले घर ध्वस्त परेर घरवारविहीन भएकाहरूलाई सरकारले पहिलो चरणमा सात हजार रुपियाँ नगद राहत वितरण गरिरहेको छ । सोही सातहजार रुपियाँ लिनको लागि नुवाकोटमा पीडितहरूले घरधुरी बढाउन थालेकाले रकम वितरण गर्न समस्या भएको बुधसिङ गाविसका सहायक चन्द्रनिधी घिमिरेले बताए ।
- जिल्ला दैवी प्रकोप उद्धार समिति रामेछाप, विभिन्न सामाजिक संस्था, व्यक्ति तथा निजी संस्थाहरूले भूकम्प प्रभावितका लागि त्रिपाल, कम्मल, खाद्यान्नलगायतका राहत सामग्रीहरू वितरण गरिरहेको बताए पनि रामेछापमा पहुँच नभएका भूकम्प प्रभावितहरूले राहत सामग्री नपाएको गुनासो गरेका छन् ।
- नवलपरासीको देउराली गाविसका ६२ वर्षीय गणेश श्रेष्ठको जेठ १ गते बिहान ७:२७ मा आएको ५.५ रेक्टर स्केलको पराकम्पनका कारण मृत्यु भएको छ । पराकम्पन भएपछि घर बाहिर भाग्दै गर्दा लडेर अचेत भएकोमा उपचारका लागि चितवन जिल्ला स्थित भरतपुर अस्पतालमा लगेकोमा डक्टरले मृत घोषणा गरेका थिए ।
- इन्सेक ललितपुर प्रतिनिधि पश्चिम ललितपुरमा भूकम्पले पारेको प्रभाववारे स्थलगत अनुगमनमा जाँदा जेठ २ गते बिहान ९:३५ मा आएको भूकम्पपछि झनै त्रसित भएको पाइएको छ ।
- गत वैशाख १२ गते गएको महाभूकम्प र त्यसपछि लगातार आएको पराकम्पनले तनहुँ जिल्लाका १ सय ७१ वटा विद्यालयमा क्षति भएको छ । जिल्ला शिक्षा अधिकारी विष्णु अधिकारीकाअनुसार ती विद्यालयका १ सय ९४ वटा कक्षा कोठा पूर्ण रुपमा क्षति भएका छन् । त्यस्तै ३ सय ३५ वटा कक्षा कोठा अधिक क्षति र ३ सय ८६ कक्षा कोठा आंशिक क्षति भएका छन् ।
- वैशाख १२ गते गएको भूकम्प पीडितलाई सहयोगार्थ प्यूठान जिल्लामा संकलित रकम प्रधानमन्त्री राहत कोषमा ६८ लाख ३४ हजार ६ सय ५८ जम्मा गरिएको जिल्ला प्रशासन कार्यालयले जानकारी गराएको छ ।
- भूकम्प पीडितलाई उद्धार गर्न गएका नेपाली सेनाका क्याप्टेन तपेन्द्र रावलको हेलिकप्टर दुर्घटना परी मृत्यु भएपछि उनको गाउँ अहिले शोकाकुल बनेको छ । दैलेखको नारायण नगरपालिका-८ सिमाडा घर भएका रावलको गत वैशाख २९ गते भूकम्प पीडितलाई उद्धार गर्न गएको अवस्थामा हराएको अमेरिकन हेलिकप्टर दुर्घटनामा परेपछि हेलिकप्टरमा सवार रावलको पनि मृत्यु भएको थियो ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline